आज मिति २०८१ साल आषाढ १३ गते अपरान्ह २:०० बजे यस ठाँटीकाँध गाउँपालिकाको ३८ औं कार्यपालिका वैठक गाउँपालिकाका अध्यक्ष श्री रक्ष वहादुर शाह ज्यूको अध्यक्षतामा देहाय अनुसारका पदाधिकारीज्यूहरुको उपस्थितिमा सञ्चालन गरियो।

उपस्थिति

| क्र.सं | पदाधिकारीको नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री रक्ष बहादुर शाह | गाउँपालिका अध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री देवीराम वडुवाल | गाउँपालिका उपाध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री तुलसी प्रसाद उपाध्याय | प्रमुख प्रशासकीय अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ४ | श्री चक्र कामी | वडाध्यक्ष | ठाँटीकाँध गापा १ दैलेख | |
| ५ | श्री प्रेम बहादुर मगर | वडाध्यक्ष | ठाँटीकाँध गापा २ दैलेख | |
| ६ | श्री भरत बहादुर वम | वडाध्यक्ष | ठाँटीकाँध गापा ३ दैलेख | |
| ७ | श्री केहरसिंह कठायत | वडाध्यक्ष | ठाँटीकाँध गापा ४ दैलेख | |
| ८ | श्री लाल बहादुर शाही | वडाध्यक्ष | ठाँटीकाँध गापा ५ दैलेख | |
| ९ | श्री जोरासिंह रोकाया क्षेत्री | वडाध्यक्ष | ठाँटीकाँध गापा ६ दैलेख | |
| १० | श्री कल्पना थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| ११ | श्री प्रतिमा नेपाली | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १२ | श्री प्रेमा कामी | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १३ | श्री मिठ्ठु थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १४ | श्री रमेश वि. क. | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १५ | श्री रुपा थापा वि. क. | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| | आमन्त्रित कर्मचारीहरु | | ठाँटीकाँध गापा दैलेख | |
| १ | श्री हरि बहादुर शाही | सूचना प्रविधि अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री लोकेन्द्र बहादुर भण्डारी | आ. प्र. शाखा प्रमुख | ठाँटीकाँध गापा दैलेख | |
| | | | | |

CamScanner

मिति २०८१/०३/१३ गतेको ३८ औं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्तावहरु :

प्रस्ताव नं. १

राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गर्दा भएको खर्च भुक्तानी गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.२

गाउँपालिका स्थापनादेखि हालसम्मको म.ले.प.प्रतिवेदन अध्ययन गरी बेरुजु फछ्यौंटका लागि राय सुझावका लागि प्रकृया अगाडि बढाउने सम्बन्धमा ।

प्रस्ताव नं.३

वुलाकी फिल्म प्रदर्शन गरेवापत भुक्तानी सम्वन्धमा ।

प्रस्ताव नं.४

राष्ट्रिय परिचय पत्र वितरण अभियान सञ्चालनका क्रममा भएको खर्च भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं.५

ठाटीकाँध खानेपानी योजना मर्मत सम्बन्धमा ।

प्रस्ताव नं ६

गाउँपालिका र वडा केन्द्र तथा स्वास्थ्य चौकी जोड्ने मुख्य मुख्य सडक मर्मत सुधार गरी यातायात सहज बनाउने सम्बन्धमा ।

प्रस्ताव नं ७

प्रधानमन्त्री रोजगार कार्यक्रमको प्राविधिक सहायकको थप सेवा सुविधा सम्बन्धमा ।

प्रस्ताव नं ८

सडक मर्मतको भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं ९

डिपिआर सम्बन्धमा

प्रस्ताव नं १०

मैंटेला बाँघबन माँझा गैरागाउँ वुकी सडकन नयाँ निर्माण स्तर उन्नतीको भेरियसन सम्बन्धमा ।

निर्णयहरु :

निर्णय नं. १

प्रस्ताव नं १ माथि छलफल गर्दा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालनका लागि यस गा पा,जिल्ला खेलकूद विकास समिति र गाउँपालिका स्तरीय खेलकूद विकास समिति बिच भएको त्रिपक्षीय सम्झौता अनुसार सम्झौता गर्दा तोकिएका आईटम वाईज शीर्षक मध्ये खर्च गर्दा घटबढ हुन गएकाले कुल विनियोजित रकम रु ३२,००,०००।०० (अक्षरेपी वत्तीस लाख मात्र ) भन्दा बढी नहुने गरी आईटम

वाईज खर्च घटबढ हुन गएकोमा सो खर्च रकमलाई अनुमोदन गरी भुक्तानी दिन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा आ ब २०७४।०७४ देखि २०७९।०८० सम्मका म.ले.प. प्रतिवेदन अध्ययन गरी राय सुझाव सहित बेरुजु फछ्यौंटका प्रकृया अगाडि बढाउन १५ औं गाउँसभाबाट गठित लेखा समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं.३ माथि छलफल गर्दा चालु व २०८०।०८१ मा यस गाउंपालिकामा प्रदर्शित सामाजिक चेतनामुलक वुलाकी फिल्म प्रदर्शन (च्यारिटी शो) गरेवापत विविध शीर्षकबाट रु.३००००।००० भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा २०८० साल माघ महिनामा यस पालिकामा राष्ट्रिय परिचय पत्र वितरण अभियान सञ्चालनका क्रममा वडा कार्यालयहरुले पेश गरेको देहाय अनुसारको खर्च चालु आब २०८०।०८१ को राष्ट्रिय परिचयपत्र वितरण अभियान सञ्चालन शीर्षकबाट खर्च हुने गरी भुक्तानी गर्ने निर्णय गरियो ।

| क सं | वडा नं | खर्च रकम रु | कैफियत |
|---|---|---|---|
| १ | १ | ५००००।०० | स्थायी लेखा नं भएको सम्बन्धित होटल वा पसलको खातामा र सो नभए वडा सचिवको खातामा निकासा खर्च गरी सम्बन्धित व्यक्तिलाई भुक्तानी गर्ने । |
| २ | २ | ४८६७०।०० | |
| ३ | ३ | ५००००।०० | |
| ४ | ४ | ४९७००।०० | |
| ५ | ५ | ४९३६०।०० | |
| ६ | ६ | ४९६७०।०० | |
| जम्मा रकम रु | | २९७४००।०० | दुईलाख सन्तानब्बे हजार चारशय मात्र । |

निर्णय नं. ५

प्रस्ताव नं.५ माथि छलफल गर्दा ठाटीकांध खानेपानी योजना मर्मतका लागि मिति २०८१।०३।१२ मा खानेपानी तथा सरसफाई समितिले यस कार्यालयमा पेश गरेको निवेदन अनुसार उक्त मर्मत सुधार कार्य गर्न प्राविधिक लागत अनुमान तयार गरी पेश गर्न पूर्वाधार विकास शाखालाई जिम्मेवारी दिने निर्णय गरियो।

निर्णय नं. ६ प्रस्ताव नं ६ माथि छलफल गर्दा वर्षातकोकारण विग्रिएका र विग्रिने गाउँपालिका र वडा केन्द्र तथा स्वास्थ्य चौकी जोड्ने मुख्य मुख्य सडक मर्मत सुधार गरी यातायात सहज बनाउन आगामी आ

CamScanner

व २०८१।०८२ मा वडाकार्यालयहरु बाट विनियोजीत मर्मत सम्भार शिर्षकबाट दैनिक रु ७५० का दरले अद्धदक्ष कामदारको ज्याला दिने गरि वडा कार्यालयको सिफारिसमा २०८१ असार १५ गते देखि २०८१ असोज १५ सम्म मासिक १५।१५ दिन प्रति वडा २ जना श्रमिक खटाई सडक मर्मत सुधारको काम गराउने निर्णय गरियो ।साथै सो काममा खटीने श्रमीकका लागि आवश्यक २।२ सेट पोशाक, वेल्चा १ थान, गैटी १ थान, सवल १ थान गाउँ कार्यपालिकाको कार्यालयले आयोजना व्यवस्थापन खर्च शिर्षकबाट खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं ७ प्रस्ताव नं ७ माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार सेवा केन्द्रमा कार्यरत प्राविधिक सहायक श्री भुपेन्द्र वहादुर कठायतलाई मुख्यमन्त्री रोजगार कार्यक्रमबाट रु ४ हजार ईन्सेन्टीभ रकम आएको र यस पूर्व कार्यपालिकाको बैठकवाट निर्णय गरी निजलाई रु ५ हजार सेवा सुविधा थप गरिएकोमा सो रकम वढाई रु १२ हजार कायम गर्ने निर्णय गरियो ।

निर्णय नं ८

प्रस्ताव नं ८ मा छलफल गर्दा तपशिल बमोजिमका सडकहरुको मर्मत कार्य र अन्य योजना सम्पन्न भईसकेकाले सोहि शिर्षकबाट र अपुग रकम आगामी कार्यपालिकाको बैठकको निर्णयानुसार स्रोत एकिन गरी प्राविधिकको मूल्यांकन अनुसार देहाय अनुसारको रकम भुक्तानी दिने निर्णय गरियो ।

| सि नं | सडकको नाम | विनियोजित रकम रु | कै |
|---|---|---|---|
| १ | भैरव स्थान कोसेडी भैरवस्थान नदाई मटेला सडक मर्मत वडा नं १ | ९ लाख | |
| २ | गुयलसिम देउलेसिम सडक मर्मत वडा नं ६ | ४ लाख | |
| ३ | वगुरा भैरवस्थान ठाटीकाँध कृष्ण मा वि को सडक मर्मत वडा नं १ | ८ लाख | |
| ४ | कुवा थिङ्गालथान चौर कालिमाटी सडक नयाँ निर्माण तथा मर्मत वडा नं ३ | ५ लाख | |
| ५ | चुली आ वि फिल्ड तथा पर्खाल निर्माण | ४ लाख ५० हजार | |
| ६ | गैरागाउँ डाँडागाउँ माझाचौर सडकको कच्चि नाला निर्माण | ५ लाख | |

निर्णय नं ९

प्रस्ताव नं ९ माथि छलफल गर्दा तपशिल बमोजिमका योजनाहरु निर्माण कार्य गर्न विस्तृत परियोजना प्रतिवेदन (डि पी आर) तयारी भईसकेकोले देहाय अनुसार रकम भुक्तानी दिने निर्णय गरियो ।

तपसिल

| सि नं | नाम | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | ईल्चि तल्लो भेरिपातल ज्यामीचौर पिपलचौतारा धामीगाउँ डाँग्रा खानेपानी | १० लाख | |

CamScanner

| | | | |
|---|---|---|---|
| | योजना | | |
| २ | १५ सैया अस्पताल भवनको विस्तृत परियोजना प्रतिवेदन (Master Plan Strucetural Drawing Review) गर्ने कार्य | ७ लाख | |

निर्णय नं ११

प्रस्ताव नं ११ माथि छलफल गर्दा मटेला बाँघबन माँझा गैरागाउँ वुकी सडक नयाँ निर्माण तथा स्तरोन्नतिका लागि सम्बन्धित वजेट शीर्षकबाट नै खर्च हुने गरी देहाय अनुसार भेरियसन अडर गर्न गाउँ कार्यपालिकाको कार्यलयलाई निर्देशन दिने निर्णय गरियो ।

<u>भेरियसन सम्बन्धी विवरण</u>

१, शुरु सम्झौता रकम रु ८२ लाख १० हजार ३ सय ३१ रुपैया ८१ पैसा

२, संशोधन गरी कायम हुने सम्झौता रकम रु ९१ लाख १८ हजार ४ सय ९१ रुपैंया ०६ पैसा

३, थप दायित्व सृजना हुने रु ९ लाख ८ हजार १ सय ५९ रुपैया २५ पैसा

CamScanner